# दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

स्नातकोत्तर तह एम.एड.द्धितीय वर्ष शैक्षिक योजना

तथा व्यवस्थापन विषय (**EPM 598**) को

आंशिक आवश्यकता परिपूर्तिको

लागि तयार गरिएको

**शोध-पत्र**

शोधार्थी
जगन्नाथ राजवंशी
त्रि.वि.वि. दर्ता नं. १६२७५/८६
क्याम्पस रोल नं. - ३६/२०६१/६२
परीक्षा क्रमाङ्क :- २१४००३८/०६३

प्रस्तुत

सुकुना वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

२०६७ असोज

# कृतज्ञाता

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनको निम्ति यो प्राथमिक तहको छात्रवृतिले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव  एक अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको हो ।  यो शोध पत्रले अध्ययन अवधिमा झापा जिल्लामा वितरण गरिएका प्राथमिक विद्यालय तहका दलित छात्रवृति र तिनको प्रभावकारीता, ति छात्रवृति कार्यक्रम प्रति विद्यार्थी, अभिभावक शिक्षकहरुको धारणा बुझ्न सघाउ पुऱ्याउने छ । साथै छात्रवृति कार्यक्रमका कमि कमजोरीहरुलाई केलाउँदै सुधारका लागि लिनुपर्ने कदम समेत यस शोधपत्रमा उल्लेख गरिएको हुनाले शैक्षिक योजनाकार र नीति निर्माताहरु समेतलाई उपयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु ।

यो शोधपत्रलाई मुर्त रुप दिन शीर्षक चयन देखि अन्तिम चरणसम्म आफ्ना अमूल्य राय सुझाव दिनु भई पथ पर्दशक गर्नु हुने शोध निर्देशक प्रा. श्री लक्ष्मी श्रेष्ठज्यू लाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । यसको साथै यस शोधपत्रको लागि आवश्यक पर्ने सुचनाहरु उपलब्ध गराउने जिल्ला शिक्षा कार्यालय झापा, जिल्लाका छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरु र शिक्षकहरु, विद्यार्थीहरु, तिनका अभिभावकहरु र स्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी आदरणीय गुरुहरुप्रति आभार प्रकट गर्दछु । अन्त्यमा शोधपत्र छपाईमा अत्यन्त मेहनतका साथ सहयोग पुऱ्याउने मित्र श्री उमाराम रिजाललाई धन्यवाद दिन चाहन्छु । यो शोधपत्रको अध्ययनसंग सम्वन्धित तथ्याङ्कहरु प्रतिक्रियाहरु र जानकारीहरुलाई सुरक्षित राखेको जानकारी गराउँदै समुचित मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यलाय शिक्षाशास्त्र संकाय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ शैक्षिक योजना तथा व्यवस्था विभागमा प्रस्तुत गर्दछु ।

# शोधसार


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नाकोत्तर दोस्रो वर्षको आंसिक आवश्यकता परिपूर्तिका लागि दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव एक अध्ययन शिर्षकको शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रमा झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रमा दलित छात्रवृति सम्वन्धमानिम्न पाँच परिच्छेदमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस शोधपत्र अध्ययनका मुख्य उद्देश्यहरु दलित छात्रवृति वितरणको वर्तमान अवस्थाको अध्ययन गर्नु , दलित छात्रवृतिले विद्यार्थीहरुको कक्षा नियमितता तथा शैक्षिक उपलब्धिमा ल्याउको प्रभावकारिताको तुलनात्मक व्याख्या तथा विश्लेषण गर्नु , दलित छात्रवृति वितरणमा देखिएका समस्याहरु तथा समस्याहरु समाधानका उपायहरु पहिल्याउनु रहेको छ ।

यस अध्ययनको अध्ययनक्षेत्र झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रका २० वटा प्राथमिक विद्यालयहरु मध्ये ६ वटा प्राथमिक विद्यालयहरु नमुना छनौटको प्रकृयाबाट छनौट गरिएका छन् । अध्ययन अवधिका रुपमा २०६४,२०६५ र २०६६ सालहरु रहेका छन् । अध्ययका लागि आवश्यक प्रश्नावली र छलफल लाई आधार वनाईएको छ । अध्ययन जनसंख्याको रुपमा अध्ययन क्षेत्रका प्रा.वि. तहमा अध्ययनरत ३० जना दलित वालवालिकाहरु ३० जना अभिभावकहरु, १२ जना शिक्षकहरु , ६ जना प्र.अ.हरु स्रोतव्यक्ति र जिल्ला शिक्षा अधिकारीलाई लिइएको छ । शोधपत्र अध्ययन गर्ने क्रममा अध्ययनकार्यलाई वस्तुगत र यथार्थपरक बनाउन सहभागितात्मक अवलोकन गर्ने अन्तर्वाता लिने प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोतको रुपमा दलित विद्यार्थीहरु, शिक्षकहरु , प्र.अ.हरु , दलित अभिभावकहरु, स्रोत व्यक्ति, जि.शि.अ.लाई भराइएको प्रश्नावली, छलफल अन्तरवार्ता बाट तथ्याङ्क संकलन गरिएको छ । द्धितीय स्रोतको रुपमा विद्यालयहरुका अभिलेखहरु प्रतिवेदनहरु शोधपत्र, लेख रचनाहरु रहेका छन् । विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई तालिकीकरणको माध्यमबाट प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या विश्लेषण गर्दा छात्रवृतिको प्रभाव सकारात्मक रहेको देखिन्छ । यस अध्ययनका प्राप्तीहरुको रुपमा दलित विद्यार्थीहरुको कक्षा नियमितता र शैक्षिक उपलब्धिमा सुधार भएको छात्रवृति प्रति अभिभावकहरु सचेत रहेको , छात्रवृति स्वरुप प्राप्त गरेको रकम दलित वालवालिकाहरुको पढाई लेखाई कार्यमा नै खर्च भएको , केहि विद्यालयहरुमा छात्रवृति रकमको चुहावत भएको (छात्रवृति बुझेको नक्कली भरपाई रहेको) पाइएको छ । अध्ययनका क्रममा दलित छात्रवृतिको अधिकतम सदुपयोग गरी दलित विद्यार्थीहरुलाई लाभान्वित गर्नका लागि जिल्लाबाट समयमा नै दलित विद्यार्थीहरुको संख्यात्मक विवरण माग गर्नुपर्ने , समयमा छात्रवृति कोटा निकाशा गरी छात्रवृति वितरणको निर्देशन दिनुपर्ने । छात्रवृति स्वरुप दिइने रकम न्यून भएकोले रकम बढाउनुपर्ने , विद्यार्थीहरुलाई वार्षिक रुपमा शैक्षिक क्रियाकलाप गर्न पुग्ने रकम हुनपर्ने, छात्रवृति वितरण प्रक्रियामा एकरुपता हुनपर्ने, लक्षित समूहलाई सभा, गोष्ठी, सेमिनार मार्फत छात्रवृति सम्वन्धि जानकारीहरु गराउनुपर्ने , छात्रवृति रकम चुहावट गर्नेलाई कारवाही गर्नुपर्ने, छात्रवृतिमा पारदर्शिता हुनपर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| सिफारिस पत्र | |
| स्वीकृती पत्र | |
| कृतज्ञाता | |
| शोधसार | |
| विषय सूची | **I** |
| तालिका सूची | **III** |
| संक्षिप्त शब्दहरुको पूरा रुप | |

**परिच्छेद एक : परिचय**

| | |
| --- | --- |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४ अध्ययनका उद्देश्यहरु | ४ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ अध्ययनको परिसिमा | ५ |
| १.७ ब्दावलीहरुको परिभाषा | ६ |

**परिच्छेद दुई : अध्ययनको सैद्धान्तिक ढाँचा र पूर्व साहित्यको पुनरावलोकन**

| | |
| --- | --- |
| २.१ सम्वन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ सैदान्तिक खाका | १२ |
| २.३ शैक्षिक उपादेयता | १३ |

**परिच्छेद तीन :अध्ययन विधि**

| | |
| --- | --- |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.१.१ नमूना जनसंख्या | १४ |
| ३.१.२ नमूनाको आकार | १४ |
| ३.१.३ नमूना छनौट विधी | १५ |
| ३.१.४ नमूना छनौटका आधारहरु | १५ |
| ३.२ अध्ययनका साधनहरु | १५ |
| ३.२.१ सहभागितात्मक अवलोकन | १५ |
| ३.२.२ अन्तरवार्ता | १५ |
| ३.२.३ प्रश्नावली | १६ |
| ३.३ तथ्याङ्क स्रोत | १६ |

३.३.१ प्राथमिक स्रोत १६
३.३.२ द्वितीय स्रोत १६
३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १६

## परिच्छेद चार :तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

४.१ छात्रवृति वितरणको वर्तमान अवस्था १८
४.१.१ अध्ययन क्षेत्रका दलित विद्यार्थी र छात्रवृतिबाट लाभान्वित हुनेकोसंख्या १८
४.१.२ छात्रवृति, वितरण प्रक्रिया र समय २०
४.२ विद्यार्थी नियमितताको अध्ययन २२
४.३ विद्यार्थीहरुको शैक्षिक उपलब्धि विश्लेषण २३
४.३.१ औषत शैक्षिक उपलब्धि विवरण २४
४.४ दलित छात्रवृतिको समस्याहरुको विश्लेषण २५

## परिच्छेद पाँच : प्राप्ती, निश्कर्ष र सुझावहरु

५.१ प्राप्तीहरु २७
५.२ निश्कर्ष २८
५.३ सुझावहरु २९
**सन्दर्भ सामग्री** **IV**
**अनुसूचीहरु** **V**

# तालिका सूची


| तालिका नं. | | पेज नं. |
|---|---|---|
| १ | दलित विद्यार्थी र लाभांवित संख्या | १९ |
| २ | छात्रावृति वितरण प्रक्रिया र समय | २१ |
| ३ | विद्यार्थीको नियमिताको तुलनात्मक अध्ययन | २२ |
| ४ | औषत शैक्षिक उपलब्धि विवरण | २४ |
| ५ | दलित छात्रवृतिको विवरण तथा उत्तरदाताको संख्यात्मक प्रतिक्रिया | २७ |
| ६. | नमुना छनौटमा परेका विद्यालयको प्रशासनिक अवस्था | २८ |

# सक्षिप्त शब्दहरुको पूरा रुप

जि.शि.का. : जिल्ला शिक्षा कार्यालय

जि.शि.अ. : जिल्ला शिक्षा अधिकारी

प्र.अ. : प्रधान अध्यापक

गा.वि.स. : गाउँ विकास समिति

प्रा.वि. : प्राथमिक विद्यालय

त्रि.वि. : त्रिभुवन विश्वविद्यालय

जि.वि.स. : जिल्ला विकास समिति

**BPEP : Bassic primary Educatoion Plan**

**CERID : Recsearch Center For Educational, Innovationa and Development**

**GER : Gross Enrollment Rate**

**NER : Net Enrollment Rate**

**UNO : United Nations Organization**